| २०७७ बैशाख देखि असार ३१ सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ९९ | ४३ | ८४ | ५ | ६ | ३ | ४७ | ० | १६१ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असार ३१ सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ९७ | ४३ | ८३ | २ | ५ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

## ३० असार विहान १०:०० बजेदेखि ३१ असार बिहान १०:०० बजे सम्म

**नेपालमा** विभिन्न जिल्लामा गरेर ७ स्थानमा **पहिरो,** ८ स्थानमा **अबिरल वर्षा,** ४ स्थानमा **आगलागी,** १ स्थानमा **बाढी र** १ स्थानमा जंगली बदेलबाट आक्रमणका घटना भएका छन् । यी घटनामा परेर ३ जनाको **मृत्यु,** ६ जना **घाईते** र १ जना **बेपत्ता** छन् । करिव **३ करोड ७९ लाख ८९ हजार** रुपैंया बराबरको सम्पति क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३ | १ | २१ | ६ | ३,८३,८९,००० | ० | ११ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **२१** वटा घट्नाहरु भएका छन् ।
- **स्याङ्जा**को कालीगण्डकी -४ खहरे खोलामा **बाढी** आएको भनि गाउँका ६ जना पैदल बाढी हेर्न गएकोमा एक्कासी माथिबाट **पहिरो** आई निजहरु पुरिएको । प्रहरी र स्थानीयले खोजतलास गर्ने क्रममा २ जनाको **घाईते** अवस्थामा उद्धार, ३ जना **मृत्यु, १ बेपत्ता** । सोही गाउँमा एक व्यक्तिको धन्सार भत्किँदा २ वटा **गाई मरेको** । बिरुवा गाउँपालिका वडा नं. ६ धरादीको एक घर भत्किँदा भुई तलामा रहेको ६ वटा बाखा पुरिएर मरेको र अन्य सामाग्री समेत गरी **४ लाख ५० हजार रुपैयाँ व**राबरको क्षति ।
- **नवलपरासी** पूर्वको गैंडाकोट नगरपालिका वडा नं. १२ सिख्रौली नारायणी नदीको किनारमा रहेको खेतको पानी कटाउने क्रममा तीन व्यक्तिलाई **जंगली बदेंल**ले आक्रमण गरि **घाईते** । मद्यबिन्दु नगरपालिका वडा नं. २ कुमालटारमा एउटा गोठ माथिबाट **पहिरो** आई पुरिएको । पाल्हिनन्दन गाउँपालिका वडा नं.१ बढकी सुनरीमा एउटा घरको भान्सा कोठा राती परेको अबिरल बर्षाको कारण भत्किँदा **५० हजार** रुपैयाँ बराबर क्षति ।
- **मोरङको** बुढिगंगा गाउँपालिका वडा नं.४ गोकुवाको एकघरमा अचानक आगलागी हुँदा **१ लाख** रुपैयाँ बराबरको क्षति । अबिरल बर्षापछि चिसाङखोलामा आएको बाढीको कारण आसपासमा रहेका जमिन कटान गरि बगाउँदा कानेपोखरी गाउँपालिका वडा नं. ५ को २०० बटा टिकको रुख लगायत १० जना व्यक्तिहरुले लगाएको केरा र मेवा खेती समेत जग्गा बगाउँदा **३ करोड २० लाख ६६ हजार** रुपैया बराबरको क्षति ।

## घट्ना सारांश...

- **महोत्तरी**को जलेश्वर नगरपालिका वडा नं. ६ सुर्यहाईमा अबिरल बर्षाको कारण एउटा घरको भित्ता भत्किँदा **१ लाख ५० हजार रुपैयाँ** बराबरको क्षति ।
- **रौतहट**को गौर नगरपालिका वडा नं. २ मुसहर टोलको एक घर अबिरल बर्षाको कारण भत्किँदा **२ लाख रुपैयाँ** बराबरको क्षति ।
- **ललितपुर**को महांकाल गाउँपालिका वडा नं.६ हुट्टिटारको एक घरको भित्ता अबिरल बर्षाको कारण भत्किँदा **५७ हजार** रुपैयाँ बराबरको क्षति । माहांकाल गाउँपालिका वडा नं ३ खोरभञ्ज्याङ स्थित एक कच्चि घरमा अगेनोमा सुकाउन राखेको दाउराबाट आगो सल्किदा अचानक **आगलागी** हुँदा घर र घरमा भएको लत्ताकपडा,फर्निचर र अन्नपात,नगद गरी १० लाख ९ हजार रुपैंया बराबरको क्षति । ललितपुर महानगरपालिका वडा नं २८ हरिसिद्धिस्थित एक फर्निचर पसलमा अचानक विजुली सर्ट भई **आगलागी** ।आगलागीबाट फर्निचरका सामान तथा संगै रहेको अर्को एक स्टिलएण्डमेटल पसल समेत आगलागीमा पर्दा **६ लाख ९७ हजार** रुपैंया बराबरको क्षति ।
- **बाग्लुङ**को जैमीनि नगरपालिका वडा नं. ९ सरादे पैयुथन्थापमा माथिबाट आएको **पहिरोले** एउटा घर र गोठ पुरिई पुर्णरुपमा क्षति । अबिरल बर्षाको कारण बरेङ गाउँपालिका वडा नं.१ धुल्लुबासकोट कडेरीमा माथिबाट आएको **पहिरो**ले एउटा गोठ पुरिई गोठ भित्र रहेको एउटा भैसी मरेको । वडा नं.२ भण्डारामा अर्को एउटा घर माथिबाट पहिरो आई घर पुर्णरुपमा क्षति ।
- **पाल्पा**को तिनाउ गाउँपालिका वडा नं.३ झुम्सामा संचालित एउटा पोल्ट्रि फर्ममा अविरल बर्षाको कारण हिलो माटो सहितको भल पसि फर्ममा रहेका ३०० वटा ब्रोईलर कुखुरा मर्दा ४ **लाख** रुपैयाँ बराबरको क्षति भएको छ । बगनासकालि गाउँपालिका वडा नं.१ भलुवाचौरस्थित माथिबाट पहिरो आई एक घर पुरिँदा **२ लाख ५० हजार** रुपैयाँ बराबरको क्षति । तिनाउ गाउँपालिका वडा नं.३ झुम्सामा रहेको **दुर्गा मन्दिर** र **तिल्लोत्तमा महिला जन जागरण आमा समुहको भवन** माथिबाट पहिरो आई पूर्णरुपमा क्षति हुँदा **३० लाख** रुपैयाँ बराबरको क्षति । तानसेन नगरपालिका वडा नं ४ लहरे पिपलस्थित बजाज शो रुममा-मोटरसाइकल मर्मत गर्ने क्रममा अचानक वाईरिङ सर्ट भई **आगलागी** हुँदा एक जना घाईते । आगोलागीबाट शो रुममा सामान्य क्षति-।
- **रुपन्देही**को लुम्बिनी सास्कृतिक नगरपालिका वडा नं.२ भुजहियामा एक घर वर्षादको कारण भत्कीँदा घरमा रहेको एउटा खसी मरेको र **१ लाख ६० हजार रुपैयाँ बराबरको** क्षति ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा पुरिएर वेपत्ता भएका व्यक्तिहरुको स्थानीयको सहयोगमा खोजी कार्य भइरहेको, पहिरो, आगलागी र बँदेलको आक्रमणका घाईतेलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रहरुमा पुर्याइएको ।

## वर्षाको सारांश

असार ३० गते बिहान ०८:४५ बजे देखि असार ३१ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०३/३१ गते बिहान ०८:४५ बजे २२४ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५२ र स्वचालितः १७२) मा मापन गरिएको वर्षाको विवरण अनुसार १६५ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (८८.६ मि. मी.) लमजुङ जिल्लाको बेसिसहर केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ४ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, १९ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](www.dhm.gov.np/climate/) मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

असार ३१(घण्टा २४ बजे देखि ७ विहान ) (बुधबार)

- आज कोशी ,नारायणी,कर्णाली महाकाली र यसका सहायक नदीमा सामान्य घटबढ हुने तथा ,सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज कन्काई,कमला , बागमतीबबई लगायतमा बहाव ,तिनाउ ,पश्चिम राप्ती , सामान्य घटबढ हुने तर सतर्कता तलै हुने । आज कन्काई साना सहायक नदीमा -पश्चिम राप्ती र बबईका केहि स ,तिनाउ ,बागमती, बहाव तुल्नात्मक रूपमा बढ्ने र केहिमा आकस्मिक बहाव हुने न्यून संभावना रहेको छ ।
- आज देशका तराई र चुर भई बहने सभाग-साना नदीमा बहाव सामान्य रहने तथा मध्यपहाडी भु- भई बहने स साना नदीमा बहाव केहि बढ्ने तर सतर्कता भन्दा तलै हुने ।-
- आज उदयपुर लमजुङ ,गोरखा ,नुवाकोट ,उपत्यका.का ,काभ्रेपलाञ्चोक ,सप्तरी ,मकवानपुर ,सिन्धुली , डडलेधु ,जाजरकोट ,दैलेख ,सुर्खेत ,कञ्चनपुर ,कैलाली ,रूकुम ,रोल्पा ,सल्ल्यान ,रोल्पा ,दाङ , पाल्पा,रा , साना नदीमा आकस्मिक बहावको न्यून संभावना रहेको छ ।-बैतडी दार्चुला भई बहने स